# मधेश

# विश्वविद्यालय

छात्रवृति व्यवस्थापन कार्यविधी, २०८०

# मधेश विश्वविद्यालय
# छात्रवृत्ति व्यवस्थापन कार्यविधी, २०८०

**प्रस्तावनाः**

मधेश विश्वविद्यालय र अन्तर्गत संचालन गरिने उच्चशिक्षाका विभिन्न विषयहरूमा जेहेन्दार, विपन्न,दलित तथा सिमान्तकृत विद्यार्थीहरूले अध्ययन, अनुसन्धान एवं अन्वेषणको अवसरबाट वञ्चित हुनु नपरोस भन्ने अभिप्रायले छात्रवृतिको व्यवस्था गर्न वाञ्छनिय भएको हुदा मधेश विश्वविद्यालय प्राज्ञिक परिषद्ले यो कार्यविधि बनाएको छ ।

**१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस कार्यविधीको नाम मधेश विश्वविद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधी प्रज्ञिक परिषद्ले पारित गरेको मितिदेखि लागू हुनेछ।

**२. <u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा -

**(क)** 'आंशिक छात्रवृती' भन्नाले विद्यार्थीले विश्वविद्यालयलाई बुझाउनुपर्ने तोकिएको सेमेस्टर वा तोकिएको शिर्षक मात्रको शुल्क छुट हुने सम्झनुपर्छ ।

**(ख)** 'ऐन' भन्नाले मधेश विश्वविद्यालय ऐन, २०७९ सम्झनुपर्छ ।

**(ग)** 'कार्यकारी परिषद्' भन्नाले मधेश विश्वविद्यालय ऐनमा व्यवस्था भएको कार्यकारी परिषद् सम्झनुपर्छ ।

**(घ)** 'छात्रवृत्ति' भन्नाले यस नियमबमोजिम प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

**(ङ)**'छात्रवृत्ति छनोट 'समिति' भन्नाले यस कार्यविधीको दफा (५) बमोजिमको समिति सम्झनुपर्छ।

**(च)** 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस कार्यविधि अनुसार तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

**(छ)** 'पदाधिकारी' भन्नाले मधेश विश्वविद्यालय ऐन एवम् नियममा व्यवस्था भएका पदाधिकारी सम्झनुपर्छ।

**(ज)** 'प्राज्ञिक परिषद' भन्नाले मधेश विश्वविद्यालय ऐनमा व्यवस्था भएको प्राज्ञिक परिषद् सम्झनुपर्छ।

**(झ)** 'पूर्ण छात्रवृती' भन्नाले विद्यार्थीले विश्वविद्यालयलाई बुझाउनु पर्ने रजिष्ट्रेशन शुल्क बाहेकको सबै शुल्क छुट हुने सम्झनुपर्छ।

**(ञ)** 'विद्यार्थी' भन्नाले मधेश विश्वविद्यालयको शैक्षिक कार्यक्रममा भर्ना भएका नियमित विद्यार्थीलाई सम्झनुपर्छ।

**(ट)** 'सभा' भन्नाले मधेश विश्वविद्यालय सभा सम्झनुपर्छ।

**(ठ)** ‘शिक्षक तथा कर्मचारी’ भन्नाले विश्वविद्यालयमा सेवारत व्यक्तिहरू सम्झनुपर्छ।

**३. <u>छात्रवृत्तिको व्यवस्थाः</u>**

(१) विश्वविद्यालयले आवश्यकताअनुसार आफ्नै कोषबाट देहाय बमोजिमका छात्रवृत्तिको व्यवस्था गर्नेछ-

**(क)** विपन्न, जेहेन्दार तथा सामाजिक रुपमा पछाडि परेका विद्यार्थीलाई प्रदान गरिने पूर्ण छात्रवृत्ति,

**(ख)** चान्सलर अवार्ड,

**(ग)** उपदफा १(क) बमोजिम प्राप्त हुने छात्रवृत्तिको सङ्ख्या संवन्धित कार्यक्रममा भर्ना भएका विद्यार्थी संख्याको दश प्रतिशतमा नघट्ने गरी हुनु पर्नेछ।

**(घ)** उपदफा १(ग) बमोजिमको छात्रवृत्ती वितरण गर्दा निम्न प्राथमिक्तामा गर्नु पर्नेछ।

| प्रार्थमिकता क्रम | समुह | कैफियत |
|---|---|---|
| १ | जेहेन्दार | कुल संख्याको २० प्रतिशत |
| २ | अपाङ्ग र लैङ्गिक तथा यौनिक अल्पसंङ्खयक | |
| ३ | दलित | महिलालाई पहिलो प्रार्थमिकता |
| ४ | मुस्लिम र अन्य पिछडीएको समुदाय (OBC) | महिलालाई पहिलो प्रार्थमिकता |
| ५ | जनजाति | महिलालाई पहिलो प्रार्थमिकता |
| दृष्टव्य: प्रार्थमिकता क्रम १ बाहेकको हकमा उल्लेखित समुह खुलेको कुनै प्रमाणपत्र वा स्थानीय तह (संवन्धित वडा कार्यालय) ले प्रमाणित गरेको हुनु पर्ने छ। | | |

(ङ) प्रत्येक सेमेष्टरमा सर्वोत्कृत अंक ल्याउने छात्र र छात्रालाई त्यो सेमेष्टरको लागि सबै शुल्क चान्सलर अवार्डका रुपमा छुट दिइनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय सरकारबाट प्राप्त हुने छात्रवृत्तिः

यस अन्तर्गत नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय सरकारबाट कुनै सर्त राखी वा नराखी पूर्ण वा आंशिक रूपमा विश्वविद्यालयसंग भएको सम्झौताअनुसार प्राप्त हुने छात्रवृत्ति पर्दछन्।

**(३)** विभिन्न सङ्घसंस्थाबाट प्राप्त हुने छात्रवृत्तिः

यस अन्तर्गत विभिन्न औद्योगिक प्रतिष्ठान र सङ्घसंस्थाबाट विश्वविद्यालयसँग भएको सम्झौताअनुसार प्राप्त हुने पूर्ण वा आंशिक वा विशिष्ट प्रकृतिको छात्रवृति पर्दछन्।

**(४)** अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त हुने छात्रवृत्तिः

यस अन्तर्गत अन्तर्राष्ट्रिय सङ्घसंस्था, विदेशी विश्वविद्यालय, प्रतिष्ठान, शिक्षणसंस्था वा अन्य निकायबाट विश्वविद्यालयसँग भएको सम्झौताअनुसार प्राप्त हुने पूर्ण, आंशिक वा विशिष्ट प्रकृतिको छात्रवृति पर्दछन्।

**(५)** स्वदेशी तथा विदेशी दाताबाट प्राप्त हुने छात्रवृत्तिः

**(क)** कुनै स्वदेशी वा विदेशी दाताहरूले विश्वविद्यालय र यसको विस्तारित कार्यक्रम अन्तर्गत सञ्चालित सबै वा कुनै विषयमा विश्वविद्यालयको प्रवेश परीक्षामा उपयुक्त ठहरिएका विद्यार्थीलाई आफ्नो वा अरू कसैको नाममा छात्रवृत्ति प्रदान गर्न चाहेमा विश्वविद्यालयको नाममा रु.पाँच लाख वा सोभन्दा बढी रकम अक्षयकोष खातामा जम्मा गरी छात्रवृत्ति कोष स्थापना गर्न सक्नेछ। यसरी जम्मा गरिएको अक्षयकोष रकममा आउने ब्याजबाट विश्वविद्यालय र सम्बन्धित दाताबीच भएको सम्झौताबमोजिम तोकिएको विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।

**(ख)** छात्रवृत्तिका लागि खर्च भई व्याजको रकम बाँकी भए बाँकी रकम अक्षयकोषको मूल धनमा जम्मा गरिनेछ।

**(ग)** दाताहरूले सम्बन्धित संकाय अन्तर्गत अध्ययन-अनुसन्धान गर्ने एक वा सोभन्दा बढी ब्याच (सेमेस्टर) का विद्याथीलाई आफूले इच्छाएको विषय अध्ययन-अध्यापन गराउन आवधिक रूपमा पनि त्यस्तो छात्रवृत्ति कोष स्थापना गर्न सक्नेछन्।

**(घ)** छात्रवृत्ति अक्षयकोषको ब्याज रकमले छात्रवृत्ति शुल्क नथेग्ने भएमा मूल धनबाट पनि खर्च गर्न सकिनेछ। त्यसैले मूल धनमा कमी आउन नदिन वा मूल धनमा समयसापेक्ष वृद्धि गर्न दाता सदा सचेत रहनुपर्नेछ। मूल धनबाट खर्च गर्दा कालान्तरमा मूल धन नै सकिने भएमा मूल धन सकिएको मितिबाट सो छात्रवृत्ति कोष खारेज भएको मानिनेछ।

**(ङ)** छात्रवृत्ति कोष कुनै दाताले विश्वविद्यालयको अनुमतिमा दुवै पक्षबीच सम्झौताद्वारा स्थापना गर्न सक्नेछ।

**(च)** माथि (क) बमोजिमको छात्रवृत्ति अक्षयकोषमा सो अक्षयकोषको ब्याजले छात्रवृत्तिको रकम नपुगी अक्षयकोषको मूल धन नै घट्ने भएमा वा घटेको अवस्थामा अक्षयकोषको संस्थापकले सो कोषमा रकम थप गर्न सक्नेछ।

**(६)** विश्वविद्यालयले तोकिएका तह र विषयहरूमा निश्चित सङ्ख्याका आधारमा विशेष छात्रवृत्ति प्रदान गर्नेछ। यस छात्रवृत्तिअन्तर्गत तोकिएका सर्तहरूमा विभिन्न इच्छुक दाताहरूबाट सङ्कलन गरेको रकमबाट विश्वविद्यालयले कोष स्थापना गर्न सक्नेछ।

**(७)** उपदफा (२),(३),(४) बमोजिम प्राप्त हुने छात्रवृत्तिको सङ्ख्या र सर्तहरू सम्झौतामा उल्लेख भए अनुसार प्रदान गरिनेछ।

**(८)** उपदफा (५) बमोजिम स्वदेशी तथा विदेशी दाताबाट प्राप्त हुने छात्रवृत्तिको सङ्ख्या र सर्तहरु सम्झौतामा उल्लेख भएअनुसार प्रदान गरिनेछ।

**(९)** विशेष परिस्थितिमा बाहेक विश्वविद्यालय, नेपाल सरकार, विभिन्न सङ्घसंस्था र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबाट प्राप्त हुने छात्रवृत्तिको सङ्ख्या र सर्तहरूको निरूपण हरेक वर्ष शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिनाअगावै सम्बन्धित संकायले गर्नेछ र सोको विवरण यथाशीघ्र रजिस्ट्रारलाई उपलब्ध गराउनुपर्नेछ।

**(१०)** माथि जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको हित विपरीत हुने गरी छात्रवृत्ति कोष वा व्यवस्था स्वीकार गरिने छैन।

४. **<u>छात्रवृत्तिका लागि अनिवार्य सर्तहरू :</u>**

**(१)** छात्रवृत्तिका लागि इच्छुक विद्यार्थीले अनुसूची १ बमोजिमको आवेदन फाराम भरी तोकिएका कागजात सहित बुझाउनुपर्नेछ।

**(२)** विश्वविद्यालयले तोकेको सम्वन्धित तहको प्रवेश परीक्षा उत्तीर्ण भई संवन्धित कार्यक्रममा नियमानुसार भर्ना भएका योग्य विद्यार्थी मात्र छात्रवृत्ति छनोटका लागि उम्मेदवार हुनेछ।

**(३)** छात्रवृत्ति पाउने विद्यार्थीले दाता र विश्वविद्यालयका सर्तहरू अनिवार्य रूपमा पालन गर्नुपर्नेछ।

**(४)** छात्रवृत्ति सम्वन्धी जानकारी विश्वविद्यालयको वेबसाइट र सञ्चार माध्यमबाट प्रसारित गरिनेछ।

**(५)** दाताहरूबाट स्थापना गरिने अक्षयकोषको रकम नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त बैंकमा राख्न सकिनेछ।

**(६)** विश्वविद्यालयले समय-समयमा जारी गरेका सर्तहरू पालना गर्न दाता र विद्यार्थीलाई बाध्यकारी हुनेछ।

**(७)** झूटो विवरण र नक्कली कागजात पेस गरेर छात्रवृति लिने विद्यार्थीको छात्रवृत्ति रद्द गरी प्राप्त गरेको रकम बाँकी सरह असुलउपर गर्नुका साथै प्रचलित कानुन अनुसार कार्बाही गरिनेछ।

(८) छात्रवृत्ति पाउने विद्यार्थीले अनुसूची २ बमोजिमको कबुलियतनामा गरी विश्वविद्यालयमा बुझाउनुपर्नेछ।

## ५. <u>छात्रवृत्ति छनोट समिति :</u>

(१) यो कार्यविधी अनुसार दफा ३को उपदफा १(क) अनुसारको छात्रवृत्ति प्रदान गर्न योग्य विद्यार्थीहरूको छनोट गरी रजिष्ट्रारलाई सिफारिस गर्न देहायबमोजिमको एक छात्रवृत्ति छनोट समिति रहनेछ —

| | |
|---|---|
| क) सम्बन्धित संकायको डीन | अध्यक्ष |
| ख) उपकुलपतिले तोकेको प्राध्यापक | सदस्य |
| ग) संवन्धित कार्यक्रमका संयोजक एक जना | सदस्य-सचिव |

(२) छात्रवृत्तिसम्बन्धी कुनै विवाद पर्न आएमा प्राज्ञिक परिषद्ले दिएको निर्णय अन्तिम हुनेछ।

(३) छात्रवृत्ति छनोट समितिले सकेसम्म कक्षा सुरु हुनुभन्दा पहिले छात्रवृत्ति पाउने विद्यार्थीको सङ्ख्या यकिन गरी छनोट प्रक्रिया अगाडि वढाउनु पर्ने छ।

## ६. <u>छात्रवृति छनोट प्रक्रियाः</u>

(१) यो कार्यविधी अनुसार दफा ३को उपदफा १(क) अनुसारको छात्रवृत्तिका लागि योग्य विध्यार्थीको छनोट गर्ने विधी समितिले तय गरे अनुसार हुने छ।

(२) विश्वविद्यालयमा सञ्चालन हुने कार्यक्रममा प्रदान गरिने छात्रवृत्तिको सङ्ख्या, समुह र छनोटको विधी खुलाई सूचना जारी गर्नु पर्नेछ।

(२) छात्रवृत्ति सम्बन्धी अनुगमन र प्रगति-विवरण लगायत अभिलेखालयको कार्य विश्वविद्यालय रजिस्ट्रार कार्यालयबाट हुनेछ।

(३) एउटै व्यक्तिले एकै समयमा दोहोरो छात्रवृत्ती पाउने छैन। तर कुनै संस्था, व्यक्ति वा निकायले थप सहयोग उपलव्ध गराएकोलाई दोहोरो छात्रवृत्ती मानिने छैन।

(४) छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीले एक सेमेस्टरका लागि मात्र छात्रवृत्ति पाउनेछ। सेमेस्टर परीक्षामा अनुत्तीर्ण हुने वा तोकिएका जीपीए ग्रेड/अङ्क प्राप्त नगर्ने विद्यार्थीले अर्को सेमेस्टरमा छात्रवृत्ति पाउने छैन। तर छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीले तोकिए बमोजिमको ग्रेड (जीपीए) पाएको अवस्थामा निजले पाउँदै आएको छात्रवृत्तिलाई अर्को सेमेस्टरमा पनि निरन्तरता दिइनेछ।

(५) एकपटक छात्रवृत्तिमा छनोट भएको विद्यार्थीले तोकिएको ग्रेड/अङ्क प्राप्त गरी सेमेस्टर उत्तीर्ण गर्दै आए तापनि सो छात्रवृत्ति एक शैक्षिक तहसम्मका लागि मात्र मान्य हुनेछ।

(६) छात्रवृत्ति पाउने विद्यार्थीको आचरण तथा अनुशासनमा क्रमभङ्गता हुनु हुँदैन।

(७) कक्षाबाट धेरै समय अनुपस्थित हुने विद्यार्थीको छात्रवृत्ति रोक्का गरिनेछ, तर मनासिव माफिकको कारण भएमा सम्बन्धित संकायले फुकुवा गर्न सक्नेछ।

(८) छात्रवृतिको अन्य शर्त संवन्धित संकायले तोके बमोजिमको हुनेछ।

**७. <u>छात्रवृत्ती कोष स्थापना गर्ने:</u>**

यो कार्यविधीको ३ (१) बमोजिमको छात्रवृत्ति उपलव्ध गराउनका लागि विश्वविध्यालयले एक छात्रवृत्ती कोष स्थापना गर्नु पर्ने छ। उक्त कोषमा प्रतेक वर्ष विश्वविध्यालय कोषबाट आवश्यक रकम स्थानान्तरण गर्नु पर्ने छ। यही कोषबाट छात्रवृत्तिको रकम सोधभर्ना गरिने छ। कोष संचालन संवन्धमा अन्य व्यवस्था कार्यकारी परिषदले तय गरे अनुसार हुनेछ।

**८. <u>कार्यविधीको व्याख्या गर्ने अधिकारी:</u>**

यस कार्यविधीको व्याख्या प्राज्ञिक परिषद्ले गर्नेछ।

**९. <u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने अधिकार:</u>**

छात्रवृति छनौट समितिले यस कार्यविधिमा परेका अनुसूचीहरुमा आवश्यक्ता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

**१०. <u>निर्देशिका बनाउने अधिकार:</u>**

यस कार्यविधीलाई कार्यान्वयन गर्ने प्रयोजनका लागि आवश्यक्ता अनुसार संवन्धित संकायले निर्देशिका बनाउन सक्नेछ।

# अनुसूचीः २

## कबुलियतनामा

जिल्ला ............................ म.न.पा./ न.पा./ गा.पा. बस्ने श्री ...................................... को नाति ................................. को छोरा हाल मधेश विश्वविद्यालय कानून तथा जनप्रशासन संकायको ............................ ब्याचको विद्यार्थी म श्री ................................ रोल नं. ......... मधेश विश्वविद्यालयको पूर्ण/आंशिक/विशेष छात्रवृतिमा छनोट भएकोले मधेश विश्वविद्यालय छात्रवृति व्यवस्थापन कार्यविधी,२०८०का सर्तहरु तथा समय-समयमा जारी गरिने सर्तहरु पूर्ण परिपालना गर्दै आफ्नो अध्ययन,अनुसन्धान,अन्वेषण,तालिम पूरा गर्नेछु।ती सर्तहरु मबाट उल्लङ्घन हुन गएमा वा परिपालन नभएमा विश्वविद्यालयले कानुनबमोजिम गर्ने कार्यवाहीमा मेरो पूर्ण मञ्जुरी छ भनी यो कबुलियतनामा गरी मधेश विश्वविद्यालयलाई बुझाएं।मधेश विश्वविद्यालयबाट जारी गरिएको नियम,कानून तथा निती-निर्देशन पूर्ण रुपमा पालना गर्नेछु।

**ल्याप्चे सहिछाप**

दायाँ बायाँ

**छात्रवृति पाउनेको विध्यार्थीको**

सहीः-

नामः-

सम्पर्क ठेगानाः-

टेलिफोनः-

मितिः-

**द्रष्टव्यः**

अध्ययन/अनुसन्धान/अन्वेषण/तालिम पूरा गरेपछि सोको विवरण डीन कार्यालयमा पेस गर्नेछु।